बागमती प्रदेश सरकार
# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, हेटौंडा

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना
(सूचना प्रकाशन मितिः २०८३।०५।०९, नेपाल संवत् ११४६,गुंलाथ्व द्वादशी,मंगलबार)

यस मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दिवसीय कार्यक्रम मध्ये मानव बेचबिखन तथा ओसारपसार विरुद्धको २० औं राष्ट्रिय दिवस २०८३ भाद्र २० गते तदनुसार September 5,2026 राष्ट्रिय नारा "प्रविधिको सहि प्रयोग र सजगताःमानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता" भन्ने आदर्श वाक्यका साथ रचनात्मक, सिर्जनात्मक तथा सन्देशमूलक कार्यक्रम गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा मनाउने सन्दर्भमा बागमती प्रदेश भित्रका माध्यमिक तह (९-१२)मा अध्ययनरत विद्यार्थीहरुबीच **"प्रविधिको सहि प्रयोग र सजगताःमानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता"** शीर्षकमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकाले उक्त प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीहरुले देहाय बमोजिमका कागजातहरुको छाँयाप्रति संलग्न गरी मिति २०८३।०५।१५ गते कार्यालय समयभित्र मन्त्रालयको इमेलः P3mosd@gmail.com मा निबन्ध पठाउनुहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

**आवश्यक कागजातहरु एवं शर्तहरु :**

१.विद्यार्थीको फोटो सहितको परिचय खुल्ने परिचयपत्र वा विद्यालयको सिफारिस

२.अध्ययनरत कक्षा, विद्यालयको नाम र ठेगाना, विद्यार्थी वा अभिभावकको सम्पर्क नम्बर खुल्ने कागजातको विवरण

३.निबन्ध आफ्नै मौलिक रचनामा आधारित हुनुपर्नेछ । अनलाईन माध्यमहरुबाट हुबहु साभार गरिएका निबन्धलाई प्रतियोगितामा समावेश ग़राइनेछैन ।

४.निबन्ध पन्ध्र सय शब्दमा नबढाई Nepali Unicode, kalimati font, size 12 मा लेखेको हुनुपर्नेछ ।उक्त निबन्धको PDF र सफ्टकपि दुवै पेश गर्नुपर्नेछ ।

५. प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने सहभागीलाई पुरस्कारको व्यवस्था गरिएको छ ।

२०८३।०५।०९

रामचन्द्र गिरी
शाखा अधिकृत